# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

मिति : २०७५/७/५

**शोक विज्ञप्ति**

नेपालभूमि साप्ताहिकका संस्थापक सम्पादक, तथा प्रगतिशिल लेखक रामचन्द्र हुमागाईको निधनप्रति नेपाल पत्रकार महासंघ दुःखी भएको छ । पैसठ्ठी बर्षका पत्रकार हुमागाई विगत चार बर्षदेखि कलेजो रोगबाट पीडित भई उपचारका क्रममा आइतबार दिउसो सानेपा स्थित जेष्ठ नागरिक केयर होममा निधन भएको हो ।

काठमाडौंको घट्टेकुलो स्थायी बसोवास भएका पत्रकार हुमागाई करिब सैतिस बर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशिल हुनुहुन्थ्यो । उहाँका दुई छोरा र एक छोरी हुनुहुन्छ । पत्रकार हुमागाइको आइतबार साँझ पशुपति आर्यघाटमा अन्त्यष्टी गरिएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय पत्रकार हुमागाईप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारणको कामना र गहिरो समवेदना प्रकट गर्दछ ।

यसैगरि साउदी पत्रकार जमाल खासोगीको टर्किको इस्तानबुलमा भएको हत्याको नेपाल पत्रकार महासंघ भर्त्सना गर्दै पत्रकार खासोगीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ । महासंघले उक्त हत्याको भर्त्सना गर्दै नेपालस्थित साउदी राजदुतावासलाई हत्याको छानवीन गरि सत्यतथ्य सार्वजनिक गर्न ध्यानाकर्षण पत्र बुझाएको छ । महासंघ स्वर्गीय पत्रकार खासोगिको परिवार तथा आफन्तजनमा समवेदना प्रकट गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org